# रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।


च.नं. : ९८३
प.सं. :०८०/०८१

रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेटक्सार, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

मिति: २०८०/११/१०

विषय: निर्णय प्रतिलिपी पठाईएको सम्बन्धमा ।

श्री विषयगत शाखा सबै,
श्री वडा कार्यालयहरु सबै ।

मिति २०८० फागुन ४ र ९ मा बसेको तेऱ्हौ र चौधौ गाउँ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको लागि यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

११/१०

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत


Website: www.rurumun.gov.np Email: ruralruru@gmail.com Phone no: 079-410104

आज मिति २०८०।११।०४ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ११:०० बजे
स्थान : गाउँपालिकाको सभाहल

**उपस्थिति**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

**बैठक संचालन सहयोगी**

| | |
|---|---|
| सहायक पाँचौ रामप्रसाद ज्ञवाली | |
| प्र.प्र.अ. इश्वरी न्यौपाने | |
| क.अ. दिनेश ज्ञवाली | |
| का.स. पार्वती पाण्डे | |

**मिति २०८० फागुन ४ गतेको तेऱ्हौ कार्यपालिका बैठकका प्रस्तावहरुः**

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यक्रम संचालन सम्बन्धमा ।
३. नबप्रबर्द्धन साझेदारी कार्यक्रम छनौट सम्बन्धमा ।
४. विद्यालय तथा बालबिकास केन्द्रको व्यवस्थापन सम्बन्धमा ।
५. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रतिबद्धता सम्बन्धमा ।
६. क्षतीपूर्ति सहितको अद्यावधिक नागरिक बडापत्र निर्माण सम्बन्धमा ।
७. टोल विकास संस्थाहरुको अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।
८. टेण्डर मार्फत बचत रहेको रकमबाट सोही योजनामा थप कार्य गर्ने सम्बन्धमा ।
९. विभिन्न निकायहरुबाट प्राप्त परिपत्र तथा सुझाबहरु सम्बन्धमा ।
१०. गाउँपालिकाको प्रतिक चिन्ह सम्बन्धमा ।
११. अर्न्तराष्ट्रिय महिला दिवस मार्च ८ मनाउने सम्बन्धमा ।
१२. आर्थिक सहायता सम्बन्धमा ।
१३. योजना संशोधन सम्वन्धमा ।
१४. खेलाडीलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।
१५. रुरुक्षेत्र गाउँपालिका वडा नं. ५ बम्घा टाहाटिम बजार क्षेत्रको सडक बत्तीको बक्यौता रकम भुक्तानी गर्ने सम्बन्धमा ।
१६. मर्मत सम्भार कोषबाट रकम भुक्तानी गर्ने सम्बन्धमा ।
१७. कृषि ऋणको ब्याज पचास प्रतिशत अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा ।
१८. भ्रमण आदेश स्वीकृत गर्ने सम्बन्धमा ।
१९. गाउँपालिकाको प्रशासकीय भवनको अन्तिम बिल, बोनश र प्रशासकीय भवनको समुद्घाटन कार्यक्रम सम्बन्धमा ।
२०. मिति २०८० फागुन २ मा बसेको गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
२१. मगर संघ रिमुवा र रिडीलाई मगर दिबस मनाउनको लागि बजेट विनियोजन सम्बन्धमा ।

## मिति २०८०/११/०४ गतेको तेन्हौ कार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो ।</td></tr>
<tr><td>२.</td><td>गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिएको सेवाको स्तरलाई मापन गर्न तेस्रो पक्ष खटाएर सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यक्रम संचालन गर्ने र सोको लागि आवश्यक बजेट ब्यबस्थापन गर्ने ।</td></tr>
<tr><td>३.</td><td>नवप्रबर्द्धन साझेदारी कार्यक्रमको लागि कृषि विकास क्षेत्रसँग सम्बन्धित प्रस्ताबना तयार गरी लुम्बिनी प्रदेश सरकार समक्ष पठाउने । सोको लागि ३० प्रतिशत बजेटको लागत साझेदारी गाउँपालिकाले विनियोजन गर्ने ।</td></tr>
<tr><td>४.</td><td>देहाय अनुसारका विद्यालय तथा बालविकास केन्द्रको व्यवस्थापनको लागि बजेट विनियोजन गरी भुक्तानी दिने ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालय तथा बाल विकास केन्द्रको नाम</th><th>ठेगाना</th><th>विनियोजित बजेट</th></tr>
<tr><td>१.</td><td>श्री देविस्थान बालबिकास केन्द्र (टेलीभिजन लगायतका अन्य कार्य)</td><td>रुरुक्षेत्र-३, पानीटंकी</td><td>५०,०००/-</td></tr>
<tr><td>२.</td><td>जनज्योती प्राथमिक विद्यालय (विद्युतिकरणको कार्य)</td><td>रुरुक्षेत्र-१, भट्कुवा</td><td>१६०००/-</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब स्रोत विकास केन्द्रको मिति २०८० माघ ९ मा प्रकाशित सूचना अनुसार आ.व. २०८०/०८१ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ विद्यालयहरुबाट प्रस्ताबना माग भएकोमा यस रुरुक्षेत्र गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट तोकिएको समयमा पेश भएका प्रस्ताबहरु छनौट गरी पठाउन गाउँ शिक्षा समितिबाट सिफारिस भई गाउँ कार्यपालिकामा आएकोले निम्न अनुसारका प्रस्ताबहरु पठाउने ।<br>निम्नः
<table>
<tr><th>प्रस्ताबित कार्यक्रमको शिर्षक</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>माग गरिएको रकम रु.</th></tr>
<tr><td>४ कोठे भवन</td><td>श्री ज्ञवा बलेटक्सार माध्यमिक विद्यालय</td><td>रुरुक्षेत्र-४, गुल्मी</td><td>१,२४,९२,०००/-</td></tr>
<tr><td>विज्ञान प्रयोगशाला</td><td>श्री भरेक आधारभुत विद्यालय</td><td>रुरुक्षेत्र-२, गुल्मी</td><td>७,००,०००/-</td></tr>
<tr><td>पुस्तकालय स्थापना तथा व्यवस्थापन</td><td>श्री भट्कुवा आधारभुत विद्यालय</td><td>रुरुक्षेत्र-१, गुल्मी</td><td>६,६९,०००/-</td></tr>
</table>
माथी उल्लेखित प्रस्ताबित कार्यक्रममा श्री ज्ञवा बलेटक्सार माध्यमिक विद्यालय, रुरुक्षेत्र-४ को लागत अनुमान रु. १,२४,९२,०००/- (अक्षरुपी एक करोड चौबीस लाख बयानब्बे</td></tr>
</table>

CamScanner

हजार) को भएकोले उक्त भवन निर्माणको लागि नपुग हुने बजेट गाउँपालिकाबाट विनियोजन गर्ने प्रतिबद्धता गर्ने ।

६. गाउँपालिका र वडा कार्यालयबाट प्रदान हुने सेवाहरुलाई सहज, सरल ढंगबाट उपलब्ध गराउन नागरिक बडापत्रलाई अद्याबधिक गरी क्षतिपूर्ती सहितको नागरिक बडापत्र तयार गर्ने ।

७. यस गाउँपालिकामा गठन भएका टोल विकास संस्थाहरुको अभिमुखीकरण कार्यक्रम मिति २०८० चैत्र मसान्त भित्र सम्पन्न गर्ने ।

८. देहायका योजनाहरुमा टेण्डर मार्फत बचत रहेको रकमबाट सोही योजनामा थप कार्य गर्ने ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | बाकी रहेको बजेट |
|---|---|---|---|
| १. | सिंदुरे बास्टारी सिंचाई योजना फेज ३ | रुरुक्षेत्र-४ | ६,७९,७८४।५७ |
| २. | अटिजम पाठशाला भौतिक पूर्वाधार विकास फेज २ | रुरुक्षेत्र-१ | ५,९३,३०८।०१ |
| ३. | चौतारा सिंदुरे कफी अनुसन्धान केन्द्र ग्वादी मोटर बाटो स्तर उन्नती फेज २ | रुरुक्षेत्र-४, २ | ७,५७,९०५/- |

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ३२७ मिति २०८०/१०/२५ को बजेट तथा कार्यक्रम सार्बजनिक गर्ने सम्बन्धी पत्र, च.नं. ३४३ मिति २०८० फागुन २ को राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धी पत्र र च.नं. २५१ मिति २०८० पौष २२ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंको च.नं. ३३५०४ मिति २०८० पौष १७ को स्थानीय तहबाट विनियोजन हुने बजेटबाट विद्युतिकरणका कार्य गर्दा हुन सक्ने जोखिम र दुर्घटनालाई ध्यानमा राखी नेपाल विद्युत प्राधिकरणसँगको समन्वय र प्राविधिक परामर्शमा मात्र गर्ने गरी सतर्कता अपनाउने सुझाब बैठकमा प्रस्तुत भई छलफल भयो । गाउँपालिकासँग सम्बन्धित विषयमा प्राप्त सुझावहरु कार्यान्वयन गर्ने ।

१०. यस गाउँपालिकाको प्रतिक चिन्ह निर्माणको लागि प्रकाशित सूचना अनुसार पेश भएका प्रतिक चिन्हहरुको मूल्याङ्कन गर्न मिति २०८० असोज १६ मा बसेको गाउँ कार्यपालिका बैठकको निर्णय अनुसार गठित मूल्याङ्कन समितिको मिति २०८० फागुन १ गतेको सिफारिसको आधारमा चन्द्रागिरी-१५, काठमाडौं निवासी श्री विवेक भुसालले पेश गरेको प्रतिक चिन्हलाई स्वीकृत गरी कार्यान्वयन गर्ने । निजलाई पुरस्कार स्वरुप रु. २०,०००/- (अक्षरुपी बीस हजार) उपलब्ध गराउने ।

११. अर्न्तराष्ट्रिय महिला दिवस मार्च ८ (फागुन २५) मा प्रत्येक वडामा कार्यक्रम संचालन गरी भव्य रुपमा मनाउने । गाउँसभाबाट अर्न्तराष्ट्रिय महिला दिवस शिर्षकमा विनियोजित बजेटबाट प्रत्येक वडाको कार्यक्रमको लागि रु. ४०,०००/- (अक्षरुपी चालीस हजार) उपलब्ध गराउने ।

१२. रुरुक्षेत्र-१ निवासी श्री ज्ञानेश्वर ज्ञवालीले गोठमा आगलागि भई आर्थिक सहायताको लागि आवश्यक कागजात सहित निबेदन पेश गरेकोले निजलाई विपद् व्यवस्थापन कोषबाट रु. २०,०००/- (अक्षरुपी बीस हजार) भुक्तानी गर्ने ।

CamScanner

| | |
|---|---|
| १३. | लुम्बिनी प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि निशर्त अनुदान तर्फको शाहाघाट राक्से सिंचाई कुलो मर्मत वडा नं. ६ योजनामा रु. १० लाख रकम विनियोजन भएको उक्त योजना संचालन गर्दा पहिरोको जोखिम समेत रहेको तथा संघीय सरकारबाट समेत उक्त योजनामा बजेट विनियोजन हुने क्रममा रहेको साथै उक्त योजनाबाट धेरै उपभोक्ताहरु लाभान्वित नहुने हुँदा उक्त योजनालाई संशोधन गरी धेरै उपभोक्ता लाभान्वित हुने र भौगोलिक सहजता भएको उपल्लो बिरुवा फाँट सिंचाई योजनाको नाममा संशोधनको लागि लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने । |
| १४. | रुरुक्षेत्र गाउँपालिका वडा नं. ४ निवासी देबेन्द्र सुनारले मिति २०२४ Feb. २९ देखी March ४ सम्म मलेसियामा संचालन हुने अर्न्तराष्ट्रिय तेक्वान्दो प्रतियोगितामा सहभागि हुन जान लागेको हुँदा आर्थिक सहयोगको लागि निबेदन पेश गरेकोमा निजलाई रु. ५०,०००/- (अक्षरुपी पँचास हजार) आर्थिक सहायता उपलब्ध गराउने । |
| १५. | रुरुक्षेत्र गाउँपालिका वडा नं. ५ बम्घा टाहाटिम बजार क्षेत्रमा विगत १० बर्ष देखि बम्घा सडक बत्तीको आधिकारीक मिटर मार्फत सडक बत्ती बलिरहेकोमा आ.व. २०७७/०७८ देखी विविध कारणले सडक बत्तीको महसुल भुक्तानी गर्न बाकी रहेकोमा विद्युत प्राधिकरणले हाल उक्त सडक बत्तीको लाईन समेत काटेको, आगामी दिनमा स्थानीयहरुले नै रकम भुक्तानी गर्ने प्रतिबद्धता समेत गरेको, एक पटकको लागि बक्यौता रहेको रकम गाउँपालिकाले भुक्तानी गरिदिनुहुन भनी ५ नं. वडा कार्यालय, बम्घाको च.नं. ५१७ मिति २०८०/१०/२८ को पत्रबाट लेखी आएकोले एक पटकको लागि बक्यौता रहेको रकम रु. ४८,६००/- (अक्षरुपी अडचालीस हजार छ सय) भुक्तानी गर्ने । |
| १६. | ४ नं. वडा कार्यालय, बलेटक्सार, गुल्मीको च.नं. ६७८ मिति २०८०/१०/१८ को पत्रबाट बर्षात्को समयमा भारी बर्षाको कारण पहिरो, बाढीबाट क्षतिग्रस्त भएका चौतारा-नेटा-भन्ज्याङ्ग मो.बा., बलेटक्सार-त्वाँगा मो.बा., चिदी-थापाटोल मो.बा., आमपोखरा-लामाखर्क-चौतारा मो.बा., चौतारा-सिंदुरे-कफी अनुसन्धान केन्द्र मो.बा., बलेटक्सार ज्ञवा मा.वि. जाने मो.बा. र नेटा भुलौदी मो.बा. मर्मत गर्दा ३४ घण्टा डोजर प्रयोग गरेको आइसा आरती निर्माण सेवा, बलेटक्सारको ११,९७०।८८ (अक्षरुपी एघार हजार नौ सय सत्तरी रुपैया अठासी पैसा) र पनरोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स, बलेटक्सारको रु. ७८,४२९।९१ (अक्षरुपी अडहत्तर हजार चार सय उन्तीस रुपैया एकानब्बे पैसा) को बिल, लागत अनुमान, मूल्याङ्कन सहित भुक्तानीको लागि पेश गरेकोले मर्मत सम्भार कोषबाट उक्त फर्महरुलाई बील अनुसारको रकम भुक्तानी गर्ने । |
| १७. | कृषि ऋणको ब्याज पचास प्रतिशत अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने । |
| १८. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीको च.नं. २०७ मिति २०८०/०८/२९ को पत्रबाट मिति २०८० पौष २ देखी १३ सम्म नेपालगंजमा संचालन हुने पशु प्रजनन् तथा कृत्रिम गर्भाधान तालिमको लागि यस कार्यालयबाट ना.प.स्वा.प्रा. श्री रमेश प्रसाद ज्ञवालीलाई पठाईएकोमा निजको मिति २०८० पौष १ देखी १४ सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी दिने । |
| १९. | SOBARANA-PTR ADHIKARI-RAJESHWORI JV ले मिति २०८० मंसिर २८ गते ठेक्का नं. ORRM-GL-NCB-22-077/078 को संम्झौता अनुसारको निर्माण कार्य सम्झौता अबधि भन्दा करिब १० महिना अगावै सम्पन्न गरी फाईनल बिल र बोनश रकम पाउँ |

CamScanner

| | |
|---|---|
| | भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा ठेक्का संझौताका सर्तहरु र सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को अधिनमा रही उक्त फर्मलाई संघीय सरकारबाट निकासा प्राप्त भएपछी निर्माण कार्यको बाकी रहेको रकम र बोनश रकम निकासा गर्ने गरी हाललाई गाउँपालिकाबाट विनियोजित रकमबाट निर्माण कार्यको नियमानुसार भुक्तानी दिने । साथै संघीयताको व्यवहारिक कार्यान्वयन भई सिंहदरबारको अधिकार गाउँमा पुऱ्याएको ऐतिहासिक दिन फागुन २७ गतेको पावन अबसरमा यस गाउँपालिकाको नयाँ प्रशासकीय भवनको समुद्घाटन मिति २०८० फागुन २७ गते विविध कार्यक्रम सहित भव्य रुपमा गर्ने । |
| २०. | गाउँ शिक्षा समितिको मिति २०८० फागुन २ गतेका बैठकबाट सिफारिस भई आएका बजेट विनियोजनसँग सम्बन्धित निर्णयहरु देहाय अनुसार रहेको र अन्य निर्णयहरु अनुमोदन गर्ने ।<br>क. कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन कार्यमा खटिएका विज्ञको पारिश्रमिकको लागि एकमुष्ट रु. २,३०,०००/- (अक्षरुपी दुई लाख तीस हजार) विनियोजन गरी भुक्तानी दिने । साथै स्थानीय पाठ्यपुस्तक विकास शिर्षकमा विनियोजन भएको बजेट मध्येबाट पुस्तक छपाई, भाषा सम्पादक, प्रुफ रिडीङ, कम्प्युटर टाईपिङ, कदर पत्र, खाजा, नास्ता, स्टेशनरी लगायतको कार्यमा खर्च भएको रकम विल भरपाईको आधारमा भुक्तानी दिने ।<br>ख. प्र.अ. प्रोत्साहन भत्ता शिर्षकमा नपुग हुने रकम रु. १,०७,०००/- (अक्षरुपी एक लाख सात हजार) विनियोजन गर्ने ।<br>ग. आ.ब. २०८०/०८१ को शिक्षा निसर्त तर्फ विद्यालय बस संचालन अनुदानका लागि विनियोजन भएको बजेट रकम कार्यान्वयनका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी र विद्यालयको निकासा माग निवेदनको आधारमा विद्यालयको खातामा निकासा दिने ।<br>घ. श्री दमार सौरडाँडा प्रा.वि.को हाल जिर्ण रहेको भवन व्यवस्थापन गर्ने लागत अनुमान अनुसारको रकम विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने । |
| २१. | पर्यटन प्रबर्द्धनको लागि मगर संघले रिमुवा र रिडीमा मगर दिवस फागुन १५ गते संचालन गर्ने भएकोले पर्यटन प्रबर्द्धन शिर्षकमा विनियोजित बजेटबाट देहाय अनुसारको रकम विनियोजन गर्ने ।<br>देहायः<br>क. मगर संघ रिमुवा (मारुनी नाच लगायतका कार्यक्रम) - रु. ५०,०००/-<br>ख. मगर संघ रिडी (विविध कार्यक्रम)- रु. ३०,०००/- |

CamScanner

बैठक संख्या : १४

आज मिति २०८०।११।०९ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : दिनको ०३:०० बजे

स्थान : अध्यक्षज्यूको कार्यकक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री वुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

सहायक पाँचौ रामप्रसाद ज्ञवाली

सु.प्र.अ. इश्वरी न्यौपाने

सहायक पाँचौं प्रेम बहादुर कार्की

का.स. पार्वती पाण्डे

CamScanner

बैठक संख्या : १४

आज मिति २०८०।११।०९ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : दिनको ०३:०० बजे

स्थान : अध्यक्षज्यूको कार्यकक्ष

### उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री वुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक पाँचौ रामप्रसाद ज्ञवाली |
| सू.प्र.अ. [illegible] न्यौपाने |
| सहायक पाँचौ हेम बहादुर कार्की |
| का.स. पार्वती पाण्डे |

मिति २०८० फागुन ९ गतेको चौधौ कार्यपालिका बैठकका प्रस्तावहरु:

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. गाउँपालिकाको नयाँ प्रशासकीय भवनको समुद्घाटन कार्यक्रमको लागि मूल समारोह समिति गठन सम्बन्धमा ।
३. योजना तथा कार्यक्रममा बजेट विनियोजन सम्बन्धमा ।
४. रुरुक्षेत्र-१ को लामाचौपारीमा मन्दिर निर्माणको लागि DPR तयार गर्ने सम्बन्धमा ।
५. रुरुक्षेत्र-१ को कालीगण्डकी नदीमा शवदाह घाटस्थलमा सडक बत्ती जडान सम्बन्धमा ।
६. स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
७. विभिन्न निकायहरुबाट प्राप्त परिपत्र तथा सुझावहरु सम्बन्धमा ।
८. विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गरी पठाउने सम्बन्धमा ।

CamScanner

मिति २०८०/११/०९ गतेको चौधौ कार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | संघीयताको व्यवहारिक कार्यान्वयन भई सिंहदरबारको अधिकार गाउँमा पुऱ्याएको ऐतिहासिक दिन फागुन २७ गतेको पाबन अबसरमा यस गाउँपालिकाको नयाँ प्रशासकीय भवनको समुद्घाटन कार्यक्रम भब्य रुपले सम्पन्न गर्नको लागि अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष, वडा अध्यक्षहरु र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने गरी मूल समारोह समिति गठन गर्ने । |
| ३. | देहायका योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>क) तीन दोबाटो-फल्लेखर्क मो.बा. मर्मतको लागि १० थान ग्याबीन जाली गाउँपालिकाबाट उपलब्ध गराउने र जाली भर्नको लागि ज्यामी, ढुङ्गा, ढुवानी लगायतको कार्य गर्न रु. ६०,०००/-<br>ख) चापखोला थानसल्ला कलवार लि.खा.पा. मर्मत, रुरुक्षेत्र-६ को लागि रु. ८०,०००/-<br>ग) प्याली पधेरो मोटरबाटो निर्माण, रुरुक्षेत्र-१ रु. ५७,०००/- |
| ४. | रुरुक्षेत्र-१ को लामाचौपारीमा ऐतिहासिक मन्दिर निर्माणको लागि DPR तयार गर्ने । |
| ५. | रुरुक्षेत्र-१ को कालीगण्डकी नदीमा शवदाह घाटमा रातीको समयमा बत्तीको व्यवस्था नहुँदा मलामीलाई समस्या भएकोले घाट बत्तीको जडानको लागि आबश्यक सामाग्रीहरु नमस्ते इलेक्ट्रिक शपबाट खरिद गर्दाको रकम रु. १८,१८०/- (अक्षरुपी अठार हजार एक सय असी) भुक्तानी दिने । |
| ६. | मिति २०८० फागुन ९ मा बसेको स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको बैठकका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने । |
| ७. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ३५२ मिति २०८०/११/०६ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंको च.नं. ४२२७६ मिति २०८० माघ २९ को स्थानीय तहहरुले सडक निर्माण तथा मर्मत लगायतका कार्य गर्दा, खण्डीकरण गरी एउटै आ.व. मा पटक पटक एउटै व्यक्ति/फर्म/कम्पनीलाई बिना प्रतिस्प्रर्धा निर्माण कार्य गर्ने जिम्मेवारी/भुक्तानी दिँदा सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमाबली, २०६४ लगायत प्रचलित कानुनको प्रतिकुल रही बदनियत पूर्ण कार्य समेत हुन सक्ने भएको हुँदा सो सन्दर्भमा सडक निर्माण तथा मर्मत कार्यहरु गर्दा, खण्डीकरण गरी एउटै आ.व.मा कानुन विपरित पटक पटक एउटै व्यक्ति/फर्म/कम्पनीलाई निर्माण कार्यको जिम्मेवारी/भुक्तानी दिने/गर्ने लगायतका परिपाटीको अन्त्य गर्न सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ समेतका प्रचलित कानुनको परिपालना गर्ने गराउने गरी आवश्यक कदम उठाउन लेखी आएको निर्णय कार्यान्वयन सम्बन्धी पत्र बैठकमा प्रस्तुत भई छलफल भयो । गाउँपालिकासँग सम्बन्धित विषयमा प्राप्त सुझाब कार्यान्वयन गर्ने । |

CS CamScanner

८. लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८० फागुन ८ मा प्रकाशित विशेष अनुदान तर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धी सूचना अनुसार विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ३ मा उल्लेख भए बमोजिमका विषय क्षेत्रहरु मध्ये देहायका योजना तथा कार्यक्रमहरु स्वीकृतिको लागि लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा पठाउने ।

देहाय:

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | माग गरिएको रकम (रु. मा) |
|---|---|---|---|
| १. | बोटे, माझी, गन्धर्व, दलित तथा पिछडीएको बर्ग तथा समुदाय प्रबर्द्धन कार्यक्रम (आयमुलक, चेतनामुलक) | रुरुक्षेत्र गा.पा. | २०,००,०००/- |
| २. | शैक्षिक विकास कार्यक्रम | रुरुक्षेत्र गा.पा. | १०,००,०००/- |
| ३. | भरेक खानेपानी योजना | रुरुक्षेत्र-२ | १०,००,०००/- |
| ४. | खाद्यान्न उत्पादन अभिबृद्धि कार्यक्रम | रुरुक्षेत्र-२ | १०,००,०००/- |
| | जम्मा रकम रु. | | ५०,००,०००/- |

CamScanner